# पुरै शरिर लट्याई उपचार गर्नलाई अस्पताल जाने तयारी

पुरै शरिर लटयाएर दाँतको उपचार गर्न अस्पताल जान तयारी गर्ने बारे जानकारी निम्नलिखित छन्।

## भोको बस्ने

पुरै शरिर लट्याउन गईरहेको तपाईंको बच्चाले भोको बस्नु पर्छ।
६ महिना माथिका बच्चाले तोकिएको अपरेसनको समय भन्दा ६ धण्टा अघि देखि दूध पानी लगायत केहि पनि खानु पिउनु हुदैन।
तपाईंको बच्चालाई भोको राख्ने आवस्यक्ताबारे अस्पताल लानु अघिनै तपाईंलाई बताईनेछ।
भुडीमा खाने कुरा वा तरल पदार्थ छ भने लट्याइ राखेको बेलामा वा त्यस पछि भुडीको चिजबिज फोक्सोमा पस्ने खतरा हुन्छ।

## अस्पतालमा के के ल्याउने

> तपाईंको बच्चाले हालमा प्रयोग गरिरहेका जुनै पनि दवाइ औषधीहरु, ताकत दिने टोनिक वा भिटामिनहरु

> फेर्ने कपडा

> मन पर्ने खेलौना वा सुरक्षा गर्ने कम्बल

> नेपी (यदि चाहिन्छ भने)

> दूध खुवाउने बोतल (बोतलबाट खुवाउने गरेको भए)-अपरेसन पछिका लागि

> तपाईंको बच्चालाई मन पर्ने कप वा खाने वा पिउने कुरा (सबै उपचार पछि खान पिउन दिइन्छ)

> चश्मा, भाचिएको हात भुन्डाउने रुमाल वा काम्रो जस्ता विशेष चिजहरु

> भेन्टलिन सास द्वारा लिने दवाइ र स्पेसर

> औषधी उपचारका लागि डाक्टरले दिएका अनुरोध फारमहरु

> व्यक्तिगत स्वास्थ्य रेकर्डको खाता (ब्लु बुक)

> मेडिकेयर कार्ड, स्वास्थ्य देखरेख कार्ड अर्थात हेल्थ केयर कार्ड वा निजी स्वास्थ्य बीमा कार्ड

## बिशेष आवश्यक्ता भएका बच्चाहरु

तपाईंको बच्चाको विशेष आवश्यक्ता छ भने जस्तै श्रवध्यान केन्द्रित मानसिक अवस्था autism अटिजम्, बुद्धीमा अपाङ्गता भएको down syndrome डाउन् सिन्ड्रोम् वा विकासमा ढिलाइ भएको भए हस्पीटल लानु अघि आफ्नो नजिकको दन्त उपचार केन्द्रका कर्मचारी संग सो कुरा छलफल गर्नुहोस्।

## भर्ना गर्ने समय

कतिखेर आउने भन्ने कुरा अस्पतालले तपाईंलाई खबर गर्नेछ। कृपया ठीक समयमा आईपुग्नु होला

नानीहरु आइपुगेको समयका आधारमा नभएर उपचारको क्रमका अनुसार भर्ना गरिनेछ - कर्मचारीले जानकारी गराईरहने छन्।

## हस्पीटलमा

> तपाईंको व्यक्तिगत बिवरण सोधिनेछ र तपाईंको बच्चाको नाम लेखेको हातमा बाँध्ने फिता दिइन्छ

> तपाईंको बच्चालाई नर्सले भेटेर त्यो दिन के हुन्छ भन्ने कुरा बताउछन्

> लट्याउने दवाईको विशेषज्ञले बच्चालाई जाच्ने छन् र बच्चालाई लट्याउने दवाई प्रयोग गर्न ठीक छ कि छैन भन्ने कुरा पक्का गर्नेछन्

> लट्याउने दवाईको विशेषज्ञले तपाईंलाई लट्याउने दवाइकालागि मञ्जुरी फारममा सही गर्न लाउने छन्

> औषधी उपचार सम्बन्धी कर्मचारीले पनि तपाईंको बच्चा जाच्न सक्छन् र उपचारकालागि मञ्जुरी फारम भर्न लाउनेछन्

> यदि निदाउने दवाइ सुइबाट लाउन शुरु गराइने भयो भने, त्यो सुइ लगाइने ठाँउमा लट्याउनका लागि लट्याउने मलम लगाईदिन सकिन्छ।

सल्यक्रिया गर्ने कोठा सम्म बच्चाहरु प्राय जसो आफै हिडेर जाने गर्छन। एक जना आमा वा बाबा/रेखदेखकर्ता लट्याउने कोठामा गएर निदाउने औषधी लगाइन्जेल बस्न पाइन्छ।

Government of South Australia
SA Health

## उपचार भइरहेको बेलामा

तपाईंको बच्चा निदाएको बेला कर्मचारीले तपाईंलाई बच्चाको वार्डमा लैजान्छन् - प्रायजसो डे सर्जरी यनिटमा। तपाईंको बच्चा बिउझिने कोठाबाट नफर्किउञ्जेल तपाईं त्यहीं बसीरहनु होस् भन्ने सुझाव छ। यो अति महत्वपुर्ण कुरा हो, आवश्यक पर्दा डाक्टरहरुले तपाईंलाई भेट्न सक्छन्, त्यसैले तपाईं यो ठाँउ छाडेर कतै अरुतिर जानुहुने भए कृपया कर्मचारीलाई भन्नुहोला।

## उपचार पछि

तपाईंको बच्चालाई बिउझिने कोठामा लगिन्छ।
तपाईंको बच्चाका हातमा दवाइ चडाउने सुई लगाइराखेकै हुनसक्छ - यो चाहिं बा थप औषधी चाहिन्छ कि भनेर हो।
दवाइहरु जस्तै उल्टी रोक्ने र नशाबाट सन्चालन हुने तरल पदार्थहरु यो सुईबाट दिइन्छ। तपाईं घर जानु अघि नर्सले सुई निकालिदिन्छन्।
तपाईंको बच्चा बिस्तारै बिउझिदै जाँदा अलेली अलेली गर्दै खुवाउन प्याउन शुरु गर्नु पर्छ।
बिउझिने कोठामा आमा बाबालाई जान दिइदैन।
अपरेसन पछि धेरै जसो बच्चाहरु बिउँझिने कोठामा १½ - २ घण्टा सम्म बस्छन् -कोहि धेरैबेर बस्न सक्छन्।

## हस्पीटल पछि - घरमा

यदि तपाईंलाई सुझाव दिए अनुसारको दाँतको उपचार, निदाउने औषधी र अपरेसनका बारेका केही सोधपुछ गर्नु थियो भने कार्यालय समयमा तपाईंको नजिकको स्कुल दाँत क्लिनिकमा सम्पर्क गरि त्यहां हाम्रा मिलन्सार कर्मचारी समक्ष कुरा राख्नु होला।

कार्यालय समय बाहिर तपाईंका केही जिज्ञासा भए, फोन नम्बर 1800 022 222 मा *healthdirect* Australia *हेल्थडाइरेक्ट* अस्ट्रेलियामा फोन गरि सल्लाह लिनुहोस्।

### थप जानकारीका लागि

SA Dental Service
GPO Box 864
Adelaide SA 5001
टेलिफोन: 8222 8222
लाटा बैराको TTY: 8222 8390
www.sadental.sa.gov.au

© Department for Health and Ageing, Government of South Australia.
All rights reserved. Printed September 2013. Stock number 7188

www.ausgoal.gov.au/creative-commons

Government of South Australia
SA Health